# टीकापुर नगरपालिकाको मेयर प्राविधिक शिक्षा छात्रवृत्ति वितरण सम्बन्धि कार्यविधि, २०७८

स्विकृत मितिः २०७८।०२।२८

प्रथम संशोधन मितिः २०७८।११।०२

**प्रस्तावनाः**

टीकापुर नगरपालिका अन्तर्गत सञ्चालित विभिन्न प्राविधिक विद्यालय वा शिक्षालयहरुमा अध्ययनरत जेहेन्दार, आर्थिक रुपले विपन्न, आदिवासि/जनजाति, महिला, मुक्तकम्हलरी, अल्पसंख्यक/लोपोन्मुख[१] दलित र अपाङ्ग विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षा प्राप्त गर्नको लागि आर्थिक रुपमा सहज होस भन्ने उद्येश्यका साथ टीकापुर नगरपालिकाले मेयर प्राविधिक शिक्षा छात्रवृत्तिको वितरण सम्बन्धि कार्यविधि बनाई लागु गर्न बान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि टीकापुर नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेदः १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “टीकापुर नगरपालिका मेयर प्राविधिक शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७८” रहेको छ।

(२) यो कार्यविधि नगरपालिका अन्तर्गतका प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालय तथा शिक्षालय र ति संस्थाहरुमा प्राविधिक विषयहरु अध्ययन गर्ने टीकापुर नगरपालिकामा स्थायी बसोबास भएका विद्यार्थीहरुलाई मात्र केन्द्रित गरेर तयार गरिएको छ।

(३) यो कार्यविधि नगरकार्यपालिकाको वैठकबाट स्विकृत भएको मितिदेखि लागु हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **“विद्यालय वा शिक्षालय”** भन्नाले प्राविधिक विषय अध्ययन अध्यापन हुने शैक्षिक संस्थाहरुलाई सम्झनुपर्छ।

(ख) **“जेहेन्दार विद्यार्थी”** भन्नाले छात्रवृत्तिको लागि आवेदन दिएका टीकापुर नगरपालिका भित्र स्थायी बसोबास भएका विद्यार्थीहरुमध्ये अघिल्लो कक्षामा उच्चतम अंक प्राप्त गरेको विद्यार्थीलाई सम्झनुपर्छ।

(ग) **“नगरपालिका”** भन्नाले टीकापुर नगरपालिका सम्झनुपर्छ।

(घ) **“नगर कार्यपालिका”** भन्नाले टीकापुर नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(ङ) **“प्राविधिक शिक्षा छात्रवृत्ति”** नेपाल सरकारले प्राविधिक धार भनि किटान गरेको ……[२] डिप्लोमा तहसम्म प्राविधिक विषय अध्ययन गर्ने टीकापुर नगरपालिका भित्र स्थायी बसोबास भै टीकापुर नगरपालिका भित्रकै प्राविधिक विद्यालय वा शिक्षालयमा अध्ययनरत विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्ति सम्झनुपर्छ।

(च) **“समिति”** भन्नाले कार्यविधिको दफा ३ बमोजिम गठित मेयर प्राविधिक शिक्षा छात्रवृत्ति वितरण तथा व्यवस्थापन समिति सम्झनुपर्छ।

(छ) **“शिक्षा, युवा तथा खेलकुद शाखा”** भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ।

(ज) **“शिक्षा समिति”** भन्नाले नगर शिक्षा समितिलाई सम्झनुपर्छ।

(झ) **“नगर प्रमुख”** भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

---

१. पहिलो संशोधनद्वारा थप

२. पहिलो संशोधनद्वारा हटाईएको

## परिच्छेदः २ छात्रवृत्ति व्यवस्थापन तथा वितरण समिति

**३. मेयर प्राविधिक छात्रवृत्ति व्यवस्थापन तथा वितरण गर्न तपसिल बमोजिमको एक समिति रहनेछः**

(क) नगर प्रमुख- संयोजक

(ख) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य

(ग) संयोजकले तोकेको नगरपालिकामा कार्यरत अधिकृत स्तरको कर्मचारी -सदस्य सचिव

**४. मेयर प्राविधिक छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिका काम कर्तव्य र अधिकारहरुः**

१) मेयर प्राविधिक छात्रृत्ति व्यवस्थापन तथा वितरण समितिका काम कर्तव्य र अधिकारहरु तपसिल बमोजिम हुनेछनः

(क) छात्रवृत्ति वितरणका लागि प्राविधिक विषय अध्ययनरत विद्यार्थीहरुलाई आवेदन दिन अनुसुचि-१ बमोजिमको ढाँचामा फाराम भर्न सुचना प्रकाशन गर्ने

(ख) सुचना प्रकासन प्रश्चात फाराम भर्ने विद्यार्थीहरुका कागजात तथा प्रमाणपत्रहरु रुजु गर्ने

(ग) छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थी छनौट गर्ने

(घ) सम्बन्धित विद्यालयको खातामा छात्रवृत्ति रकम निकासाको लागि शिक्षा, युवा तथा खेलकुद शाखालाई सिफारीस गर्ने

## परिच्छेदः ३ छात्रवृत्ति प्रदान गर्ने विद्यार्थी छनौटका प्रक्रियाहरु

**५. प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थी छनौट गर्दा तपसिल बमोजिमका प्रक्रियाहरु अपनाउनु पर्नेछः**

(क) प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति प्राप्त गर्नको लागि नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन फाराम भर्न आह्वान गरि अनुसुचि-२ बमोजिमका आधारहरु सहित सुचना प्रकासन गर्ने

(ख) विद्यार्थीहरुबाट प्राप्त निवेदन अनुसुचि-२ बमोजिमका आधार बमोजिम हुने गरि छुट्टाछुट्टै दर्ता गर्ने

(ग) दर्ता भएका निवेदन, विद्यार्थीका कागजात तथा प्रमाणपत्रहरु रुजु गर्ने

(घ) उपदफा (ख) र (ग) बमोजिमका विद्यार्थीहरुका विवरण र प्रमाणित कागजातको आधारमा अनुसुचि-३ अनुसारको ढाँचामा विद्यार्थीहरुलाई अङ्क प्रदान गर्ने

पुनश्चः[३] अनुसुचि-३ को मुल आधार (४) बमोजिम अंक प्रदान गर्दा विद्यार्थी अध्ययनरत कक्षा भन्दा अघिल्लो कक्षाको अन्तिम परीक्षाको परीक्षाफल प्रकाशन नभएको अवस्थामा उक्त अघिल्लो कक्षा भन्दा थप एक अघिल्लो कक्षाको अन्तिम परीक्षाको अंक वा ग्रेडलाई मुल्याङ्नको आधार बनाईनेछ ।

(ङ) प्राप्त गरेको अङ्कका आधारमा योग्यताक्रम तयार गर्ने

(च) तयार गरिएको योग्यताक्रम समितिमा पेश गर्ने र समितिले छात्रवृत्तिका लागि विद्यार्थीको छनौट गर्ने

(छ) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले छनौट भएका विद्यार्थी अध्ययनरत विद्यालयको खातामा एकमुष्ठ रुपमा छात्रवृत्ति रकम निकासा गर्ने र छनौट भएको विद्यार्थीको नामनामेसि तथा रकम सहितको निकासा पत्र समेत दिने

(ज) रकम प्राप्त भएपछि विद्यालयले सम्बन्धित विद्यार्थीहरुलाई शिक्षा छात्रवृत्ति वापतको रकम वितरण गरि भरपाई नगरपालिकामा पेश गर्नुपर्ने

---

३. पहिलो संशोधनद्वारा थप

## परिच्छेदः ४ विविध

**६. अनुगमनः** विद्यार्थीहरुलाई प्रदान गरीएको शिक्षा छात्रवृत्ति रकम प्राप्त गरे नगरेको सम्बन्धमा समितिले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुगमन गर्न सक्नेछ।

**७………………..**[४]

**८. कार्यविधिमा संशोधनः** यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा समितिको सिफारीसमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

**९. प्रचलित कानुन लागु हुनेः** यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसँग बाँझिएमा प्रचलित कानुनको व्यवस्था लागु हुनेछ।

**१०. बचाउः** यस अघि भए गरेका शिक्षा छात्रवृत्ति वितरण सम्बन्धि कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

---

४. पहिलो संशोधनद्वारा हटाईएको

अनुसुचि-१

**(परिच्छेद २ दफा ४ को उपदफा १ (क) सँग सम्बन्धित)**

| | | |
|---|---|---|
| टीकापुर नगरपालिका | | |
| **नगर कार्यपालिकाको कार्यालय** | | |
| टीकापुर, कैलाली | | |
| **मेयर प्राविधिक शिक्षा छात्रवृत्तिको आवेदन फाराम**[५] | | |
| १. विद्यार्थीको नामः | २. अध्ययनरत तह/वर्षः | |
| ३. स्थायी ठेगानाः | | |
| ४. लिङ्गः | ५. जन्ममितिः | ६. अपाङ्ग भएमा वर्ग खुलाउनेः |
| ७. जाति/जनजातिः क. व्राम्हण/क्षेत्री ख. जनजाति ग. दलित घ.………….. ङ. अन्य | | |
| ८. अध्ययनरत विद्यालय वा शिक्षालयको नामः | | |
| ९. SLC/SEE उत्तिर्ण गरेको विद्यालय वा शिक्षालयको किसिमः क. सामुदायीक ख. संस्थागत ग. गुठि घ. अन्य | | |
| १०. सम्पर्क फोनः | ११. परिचयपत्र नम्बर र किसिमः | |
| १२. बुवाको नामथरः | १३. आमाको नामथरः | |
| १४. बुवा आमाको अवस्थाः क. दुवै भएको ख. वुवा भएको आमा नभएको ग. आमा भएको वुवा नभएको घ. दुवै नभएको | | |
| १५. अघिल्लो कक्षाको ग्रेड/श्रेणिः (ग्रेड उल्लेख नभएको हकमा मात्रै श्रेणि) | | |
| १६………………. | | |
| १७. छात्रवृत्ति फाराम भरेको समुह (बढिमा २ वटा मात्रै): क. जेहेन्दार/खुला ख. महिला ग. जनजाति घ. दलित ङ. अपाङ्गता च. मुक्तकम्हलरी छ. अल्पसंख्यक/लोपोन्मुख | | |
| **निवेदक**<br>**सम्बन्धित विद्यार्थीकोः** | **सिफारिस गर्ने**<br>**सम्बन्धित शिक्षण संस्थाका प्राचार्यको** | **प्रमाणित गर्ने**<br>**शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख/अधिकृतको** |
| नामः | नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | पदः |
| सम्पर्क नं. | सम्पर्क नं. | **मितिः** |
| **विद्यार्थी अध्ययनरत शिक्षण संस्थाको छाप** | **नगरपालिकाले भर्ने** | **नगरपालिकाको छाप** |
| | **फाराम दर्ता नम्बरः** | |
| | **फाराम दर्ता मितिः** | |
| | **फाराम दर्ता गर्नेको नामः** | |
| | **फाराम दर्ता गर्नेको हस्ताक्षरः** | |

**फाराम साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरुः (कागजात अपुग भएमा फाराम दर्ता गर्न नहुने)**

१. विद्यार्थीको नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी २. सम्बन्धित कक्षामा अध्ययन गर्दै गरेको विद्यार्थी परिचयपत्रको प्रतिलिपी ३. अपाङ्गताको लागि आधिकारीक निकायबाट प्रदान गरिएको अपाङ्ग परिचयपत्रको प्रतिलिपी ४. आमा वा बुवा वा दुवै नभएको भए सम्बन्धित वडाबाट आमा वा बुवा वा दुवै नभएको भनि प्रमाणित गरिएको सक्कलै सिफारीस पत्र ५. आदिवासि/जनजातिको लागि उक्त जाति हो भनेर आधकारीक निकायबाट प्रमाणित पत्रको प्रतिलिपि (नेपाल आदिवासि जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत नभएकाहरुका लागि मात्र) ६. दलितको हकमा उक्त थर भएको व्यक्ति दलित जाति हो भनेर आधकारीक निकायबाट प्रमाणित पत्रको प्रतिलिपि (राष्ट्रिय दलित आयोगमा सुचिकृत नभएकाहरुका लागि मात्र) ७. मुक्तकम्हलरिको हकमा आधकारीक निकायबाट जारी गरिएको परिचय पत्रको प्रमाणित प्रतिलिपि

८. अघिल्लो कक्षा उत्तिर्ण प्रमाणपत्रको प्रतिलिपी ९. अल्पसंख्यक/लोपोन्मुख जातिको हकमा उक्त थर भएको व्यक्ति अल्पसंख्यक वा लोपोन्मुख जाति हो भनेर आधिकारिक निकायबाट प्रमाणित पत्रको प्रतिलिपि (नेपाल सरकारले सुचिकृत नगरेका जातिहरुका लागि मात्र)

---

५. पहिलो संशोधनद्वारा संशोधित

अनुसुचि-२

मेयर प्राविधिक शिक्षा छात्रवृत्ति प्रदान गर्ने आधारहरु

**(परिच्छेद ३ दफा ५ को उपदफा (क) सँग सम्बन्धित)**

| मेयर शिक्षा प्राविधिक छात्रवृत्ति प्रदान गर्ने आधारहरु[६] | | | |
|---|---|---|---|
| क्र स | छात्रवृत्ति प्रदान गर्ने वर्गहरु | संख्या | कैफियत |
| १ | जेहेन्दार/खुला | २२ | आधार २, ३, ४, ५, ६ र ७ बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट नभएमा आधार १ को योग्यताक्रमबाट छनौट गरिनेछ। |
| २ | महिला | ६ | |
| ३ | आदिवासि/जनजाति | ५ | |
| ४ | दलित | ३ | |
| ५ | अपाङ्ग | १ | |
| ६ | मुक्तकम्हलरी | २ | |
| ७ | अल्पसंख्यक/लोपोन्मुख | १ | |
| जम्मा संख्या | | **४०** | |

६. पहिलो संशोधनद्वारा संशोधित

**अनुसुचि-३**

**मेयर प्राविधिक शिक्षा छात्रवृत्ति प्रदान गर्न लागि विद्यार्थी छनौटको मुल्याङ्कन फाराम**[७]

**(परिच्छेद ३ दफा ५ को उपदफा (घ) सँग सम्बन्धित)**

| क्र स | मुल्याङकनका आधारहरु | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| **१** | **SEE/SLC उत्तिर्ण विद्यालय** | **२५** | | |
| क | सामुदायीक | २५ | | |
| ख | गुठि | २३ | | |
| ग | संस्थागत | २१ | | |
| घ | अन्य | १९ | | |
| **२** | **बुवाआमाको अवस्था** | **२५** | | |
| क | बुवाआमा दुवै नभएको | २५ | | |
| ख | आमा भएको वुवा नभएको | २३ | | |
| ग | बुवा भएको आमा नभएको | २१ | | |
| घ | बुवा आमा दुवै भएको | १९ | | |
| ३ | ……………………. | | | |
| **४** | **अघिल्लो कक्षाको ग्रेड/श्रेणी** | **२५** | | |
| क | ३.६ वा सो भन्दा माथी/विशिष्ट | २५ | | |
| ख | २.८ देखि ३.५९ सम्म/प्रथम | २३ | | |
| ग | २.० देखि २.७९ सम्म/द्वितिय | २१ | | |
| घ | २.० भन्दा कम/तृतिय | १९ | | |
| **५** | **अन्तर्वार्ता** | **२५** | | |
| जम्मा | | **१००** | | |

७. पहिलो संशोधनद्वारा संशोधित